Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
RAJAT JAYANTI 2082
कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
वर्ष: २६ | अंक: २१ | वि.सं. २०८३ वैशाख २१ सोमवार | नेपाल संवत्: ११४५, ज्येष्ठ कृष्ण तृतीया | Monday 4 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# ‘शून्य फोहर’ अवधारणामा स्वास्थ्यजन्य फोहर व्यवस्थापन गर्दै प्रदेश अस्पताल

**ओम शाही**
**सुर्खेत, २० बैशाख ।**

कर्णाली प्रदेश अस्पतालले स्वास्थ्यजन्य फोहर व्यवस्थापनमा शून्य फोहर सिद्धान्त अवलम्वन गरेको छ। सुरक्षित स्वास्थ्यजन्य फोहर व्यवस्थापन प्रणाली अन्तर्गत अस्पतालले स्वास्थ्यजन्य फोहरको छुट्टाछुट्टै वर्ग्रीकण गरेर जोखिमयूक्त फोहरलाई विशेष सवार ।साधनमा संकलन गरी फोहर व्यवस्थापन केन्द्रसम्म पुऱ्याउने छ।

जहाँ फोहर मैला नजलाउने प्रविधिबाट संक्रमणमुक्त गरी पुनःचक्रका लागि पठाइन्छ। जसले दिगो, सुरक्षित र शून्य फोहरमा आधारित स्वास्थ्य फोहर व्यवस्थापन प्रणालीलाई प्रवर्द्धन गर्छ। यसरी गरिने फोहर व्यवस्थापनबाट रोजगारी र आम्दानीसमेत सिर्जना गर्न सकिने जनाइएको छ। अस्पतालजन्य फोहरको असुरक्षित विसर्जनले जनस्वास्थ्य र वातावरणमा गम्भीर जोखिम बढिरहेका बेला प्रदेश अस्पतालले यो प्रविधि अपनाउन लागेको हो।



हेल्थ इन्भाइरन्मेन्ट एण्ड क्लाइमेट एक्सन फाउण्डेशन (हेकाफ ३६०) र सेभ द चिल्ड्रेनको साझेदारीमा यो परियोजना सञ्चालनमा आएको हो। यो परियोजना एक वर्षसम्म चल्नेछ। हेकाफले नेपालका विभिन्न अस्पतालहरुसँग मिलेर स्वास्थ्यजन्य फोहरको सुरक्षित व्यवस्थापनमा सघाउदै आएको छ। स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा दिने क्रममा निस्कने

बाँकी ४ पेजमा

## स्वास्थ्यजन्य फोहर बारे के भन्छन् विज्ञ ?

आइतबार आयोजित परियोजना परिचय तथा सह-निर्माण कार्ययोजना गोष्ठीमा विज्ञहरूले अस्पतालजन्य फोहरलाई जलाउने वा गाड्ने परम्परागत शैलीलाई त्यागेर वैज्ञानिक व्यवस्थापन गर्नुपर्नेमा जोड दिएका छन्।

हेकाफको जलवायु उत्थानशील स्वास्थ्य संस्था परियोजनाका जनस्वास्थ्य विज्ञ प्रेरणा डंगोलले फोहर जलाउँदा निस्कने धुवाँले क्यान्सर र श्वासप्रश्वास जस्ता जटिल रोग निम्त्याउने बताइन। ‘बाल्टिनमा फोहर राखेर मात्र व्यवस्थापन हुँदैन, यसको संकलनदेखि

बाँकी ४ पेजमा

# खानेपानी आयोजनाको अनुगमन

**युग संवाददाता**
**सुर्खेत, २० बैशाख ।**

फारुला जुगेना खानेपानी तथा सरसफाई आयोजना कालिमाटी गाउँपालिका वडा नं. ३ को अनुगमन गरिएको छ। गाउँपालिका, सहयोगी निकाय तथा सरोकारवाला प्रतिनिधिहरुको उपस्थितिमा अवलोकन, अनुगमन, निरिक्षण गरिएको हो।

कालिमाटी गाउँपालिका र एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम हेल्भटास नेपालको आर्थिक सहयोग तथा सुन्दर नेपाल संस्थाको सामाजिक तथा प्राविधिक सहजिकरणमा आयोजना निर्माण गरिएको छ।

कालिमाटी गाउँपालिकाको २१ लाख १२ हजार, उपभोक्ता समितिको १९ लाख २० हजार र हेल्भटास नेपालको ५५ लाख ६८ हजार सहयोगमा खानेपानी आयोजना निर्माण गरिएको जनाइएको छ।

अनुगमनमा सुन्दर नेपाल संस्थाका अध्यक्ष माया सापकोटा, सचिव उमा भट्टराई, कार्यकारी निर्देशक भुपेन्द्र प्रसाद कँडेल, क्षमता विकास संयोजक ओम प्रकाश थापा मगर, प्राविधिक विनोद भण्डारी लगायतको सहभागिता रहेको थियो।

# लिपुलेकबारे नेपालले भारत र चीनलाई पठायो ६ बुँदे कूटनीतिक नोट

**युग संवाददाता**
**काठमाण्डौं, २० बैशाख ।**

नेपालले लिपुलेकबारे भारत र चीनलाई ६ बुँदे कूटनीतिक नोट पठाएको छ।

परराष्ट्र मन्त्रालयले आइतबार दुवै देशलाई ६ बुँदे कूटनीतिक नोट पठाएको हो।

मन्त्रालयले पठाएको पत्रमा भनिएको छ –

१. नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबीच सञ्चालन गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा विभिन्न सञ्चार माध्यमबाट सोधिएका प्रश्न र चासोप्रति परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण भएको छ।

बाँकी ४ पेजमा

# भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमार्फत वास्तविक सुकुमवासीको परीक्षण सुरु

**युग संवाददाता**
**काठमाडौँ, २० वैशाख ।**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमार्फत वास्तविक सुकुमवासीको परीक्षण सुरु गरेको छ।

दाबी गरिएका सुकुमवासीका नाममा सरकारी अभिलेखमा देशका कुनै पनि स्थानमा जग्गा भए/नभएको पत्ता लगाउन उक्त प्रणालीबाट परीक्षण सुरु गरिएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता गणेशप्रसाद भट्टले जानकारी दिए। विभिन्न नीतिनियम र विधिका साथै विद्युतीय माध्यमबाट पारदर्शी, प्रभावकारी र मितव्ययी रूपमा परीक्षण कार्य अगाडि बढाइएको उनले बताए।

“हाल सहरी विकास मन्त्रालयले पठाएअनुसार काठमाडौँ उपत्यकाभित्रका सुकुमवासीका नामावली परीक्षण काम भइरहेको छ। यसपछि क्रमिक रूपमा देशभर रहेका सुकुमवासीको पहिचान गरिने छ”, प्रवक्त भट्टले भने, “वास्तविक सुकुमवासी परीक्षण भएपछि उनीहरूको व्यवस्थापनका लागि सहज हुने छ।”

मन्त्रालयअन्तर्गत एक सय १० वटा मालपोत र २१ वटा भूमिसुधार तथा मालपोत कार्यालय रहेका छन्। मन्त्रालयले भूमिसम्बन्धी सेवा स्थानीय तहबाट उपलब्ध गराउन आवश्यक कर्मचारी, प्राविधिक जनशक्ति, व्यावसायिक सीप, प्रविधि र अन्य स्रोतबारे जानकारी गराउन सात सय ५३ वटै स्थानीय तहलाई पत्राचार गरेको जनाइएको छ। प्राथमिकताका आधारमा मन्त्रालय मातहतका निकायले ती स्थानीय तहलाई तालिम, प्रशिक्षण तथा सीप विकासका कार्यक्रम सञ्चालन गर्ने र उनीहरूलाई जिम्मेवारी हस्तान्तरण गर्ने जनाइएको छ।

स्थानीय तहले कर्मचारी व्यवस्थापन गर्नसकेमा आवश्यक सहयोग र समन्वय मन्त्रालयले गर्ने प्रवक्ता भट्टले बताए। स्थानीय तहले भूमि प्रशासनको जिम्मेवारी लिँदा भौगोलिक परीक्षण सहज हुने, जनतालाई छिटोछरितो सेवा प्रदान गर्न सकिने उनले विश्वास व्यक्त गरे।

# जुम्ला खलंगा खानेपानी उपभोक्ताको अध्यक्षमा महेन्द्र बहादुर थापा

**गोल्डेन बुढा**
**जुम्ला, २० बैशाख ।**

जुम्लाको सदरमुकाम खलङ्गा बजारस्थित खलङ्गा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नेतृत्व चयन अन्ततः सहमतिभन्दा प्रतिस्पर्धाबाट टुंगिएको छ। छैठौं वार्षिक साधारण सभामा सर्वसम्मत नेतृत्व चयन असफल भएपछि मतदानमार्फत नयाँ कार्यसमिति चयन गरिएको हो, जसले स्थानीय तहको सेवा व्यवस्थापनसँग जोडिएको संस्थामा बढ्दो राजनीतिक र सामाजिक प्रतिस्पर्धाको संकेत पनि दिएको छ।

आइतबार राति सार्वजनिक मतपरिणामअनुसार महेन्द्र बहादुर थापाले ४ सय ९ मत ल्याउँदै अध्यक्ष पदमा विजय हाँसिल गरे। उनका निकटतम प्रतिस्पर्धी अशोक कुमार श्रेष्ठ र मिन बहादुर थापाले समान २ सय १८ मत प्राप्त गरेका थिए। मतान्तरले स्पष्ट देखाएको छ। १ सय ९१ मतान्तर भयो। नेतृत्वमा पुग्ने होड औपचारिक प्रतिस्पर्धा नभई प्रभाव, पहुँच र विश्वासको कडा परीक्षण बनेको थियो।

अशोक कुमार श्रेष्ठ २०७४ सालको स्थानीय तहको

बाँकी ३ पेजमा






## सम्पादकीय....

# सरकारलाई उम्कने छुट छैन

कर्णाली प्रदेशको विकास र समृद्धिको मेरुदण्ड मानिएका पूर्वाधार आयोजनाहरू यतिबेला गम्भीर संकटमा परेका छन् । चालु आर्थिक वर्ष २०८२/०८३ को अन्त्यतिर आइपुग्दा प्रदेश सरकारले राखेको एक सय ६१ किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य केवल कागजमा सीमित हुने देखिएको छ। चैत मसान्तसम्म जम्मा ५३ किलोमिटर मात्रै सडक कालोपत्रे हुनुले सरकारी लक्ष्य र यथार्थबीचको खाडललाई प्रष्ट पारेको छ। तर, यो असफलताको पछाडि प्रदेश सरकारको कार्यक्षमता मात्र होइन, सात समुद्रपारि मध्यपूर्वमा जारी युद्ध र त्यसले निम्त्याएको विश्वव्यापी 'साइड इफेक्ट' मुख्य कारक बनेर उभिएको छ। अमेरिका, इजरायल र इरानबीचको बढ्दो तनावले विश्वव्यापी इन्धन आपूर्ति शृं ला खल्बल्याइदिएको छ। स्ट्रेट अफ होर्मुजमा देखिएको अवरोधले नेपाल जस्तो आयातमुखी देशमा इन्धन र निर्माण सामग्रीको मूल्य आकाशिएको छ। फागुनयता इन्धनको मूल्यमा भएको शतप्रतिशत वृद्धि र सडक निर्माणका लागि अत्यावश्यक बिटुमिन (अलकत्रा) को अभावले कर्णालीका रणनीतिक सडकहरू अलपत्र परेका छन् ।

मुलपानी-रानिघाट-तेलपानी-भुरिगाउँ सडक होस् वा मदन भण्डारी राजमार्ग, कालोपत्रेका लागि ठिक्क पारिएका सडकहरू इन्धन र सामग्री अभावमा रोकिनु प्रदेशकै दुर्भाग्य हो। अझ चिन्ताको विषय त के छ भने, राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन जस्ता ठूला आयोजनासमेत मूल्यवृद्धिको मारबाट अछुतो रहन सकेका छैनन् । चैत मसान्तसम्म पुँजीगत बजेटको खर्च जम्मा १९ प्रतिशतमा सीमित हुनुले विकासको गति कति सुस्त छ भन्ने देखाउँछ । निर्माण व्यवसायीहरूले मूल्यवृद्धिका कारण काम गर्न नसकिने भन्दै म्याद थपको माग गरिरहेका छन् । डिजेल र निर्माण सामग्रीको मूल्य सम्झौताकालीन समयभन्दा दोब्बर हुनुले व्यवसायीलाई मात्र होइन, समग्र राष्ट्रिय अर्थतन्त्र र विकासको लयलाई नै प्रभावित पारेको छ । यस्तो विषम परिस्थितिमा सरकार मुकदर्शक बनेर बस्नु किमार्थ न्यायोचित हुँदैन । एकातिर आयोजनाहरू अलपत्र छन् भने अर्कोतिर निर्माण क्षेत्रमा आश्रित लाखौं श्रमिकको रोजीरोटीमा संकट परेको छ ।

सरकारले अहिलेसम्म मूल्यवृद्धिको विषयमा कुनै पनि नीतिगत निर्णय नगर्नु विडम्बनापूर्ण छ । सिङ्गो निर्माण क्षेत्र सिथिल बन्दा सरकारको अन्देखा गैरजिम्मेवारीपन हो। यसले देशको पूर्वाधार निर्माण नै ठप्प हुने जोखिम बढाएको छ। अहिलेको आवश्यकता भनेको तत्कालको संकटलाई सम्बोधन गर्ने मूल्य समायोजनको ठोस नीति हो। राष्ट्र बैंकको मूल्य सूचकांक र बजारको वास्तविक मूल्यबीचको अन्तरलाई मध्यनजर गर्दै सरकारले मूल्य समायोजन मार्गनिर्देशन जारी गर्न ढिलाइ गर्नु हुँदैन । साथै, प्रतिकूल परिस्थितिका कारण रोकिएका आयोजनाहरूको म्याद थप र प्राविधिक समस्या समाधानमा लचकता देखाउनु पर्छ। युद्ध र बाह्य परिस्थितिलाई मात्र दोष दिएर उम्कने छुट सरकारलाई छैन । बजेट खर्च गर्ने र पूर्वाधार विकास गर्ने लक्ष्यलाई जीवितै राख्ने हो भने सरकारले निर्माण व्यवसायी र सरोकारवाला निकायसँग समन्वय गरी तत्काल ठोस कदम चाल्नै पर्छ । अन्यथा, कर्णालीका सडकहरू फेरि पनि जोखिमयूक्त धुलाम्य र हिलाम्य मात्र रहनेछन् र विकासको सपना पनि पछाडि धकेलिनेछ ।

## विश्व

# होर्मुज जलडमरूमध्यमा इरानको सुरक्षा निगरानी कडा

**तेहरान, २० वैशाख ।**

इरानका सेना प्रवक्ता मोहम्मद अक्रमिनियाले शनिबार दिएको अभिव्यक्तिमा देशका सशस्त्र बलहरूले होर्मुज जलडमरूमध्यको सुरक्षा तथा निगरानी गरिरहेको जानकारी दिएका छन् । उनका अनुसार उक्त महत्वपूर्ण समुद्री मार्गबाट जहाजहरूको आवागमन इरानी निकायहरूको समन्वय र स्वीकृतिमा आधारित रहनेछ ।

उनले होर्मुज जलडमरूमध्यको व्यवस्थापन इरानको अधिकार क्षेत्रभित्र पर्ने विषय भएको उल्लेख गर्दै वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै आवश्यक सुरक्षा उपायहरू अपनाइएको बताए। साथै, इरानको इस्लामिक रिभोलुसन गार्ड कोर्प्स (आइआरजीसी) र राष्ट्रिय सेनाले संयुक्त रूपमा उक्त क्षेत्रमा निगरानी तथा सुरक्षा व्यवस्थापन गरिरहेको पनि उनले जानकारी दिए।

यसै क्रममा, इरानका उपविदेशमन्त्री हमिद घानबारीलाई उद्धृत गर्दै फार्स समाचार एजेन्सीले विभिन्न देशहरूले आफ्ना जहाजहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न इरानसँग कूटनीतिक माध्यममार्फत अनुरोध गरिरहेको जनाएको छ।

इरानले फेब्रुअरी २८ देखि केही विशेष परिस्थितिका कारण उक्त क्षेत्रमा सुरक्षा व्यवस्था थप कडा बनाएको हो। यस निर्णयलाई क्षेत्रीय घटनाक्रमसँग सम्बन्धित रूपमा हेरिएको छ।

होर्मुज जलडमरूमध्य विश्वव्यापी ऊर्जा आपूर्ति तथा अन्तर्राष्ट्रिय व्यापारका लागि अत्यन्त महत्वपूर्ण मार्ग मानिन्छ । त्यसैले यस क्षेत्रमा भइरहेका गतिविधिहरूलाई अन्तर्राष्ट्रिय समुदायले ध्यानपूर्वक नियालिरहेको छ।

# युरोपमा अमेरिकी उपस्थितिको पुनरावलोकन

**फ्लोरिडा, २० वैशाख ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार दिएको अभिव्यक्तिमा संयुक्त राज्य अमेरिकाले जर्मनीमा तैनाथ आफ्ना सैनिकहरूको सङ्ख्या उल्लेखनीय रूपमा घटाउने योजना अघि बढाइरहेको बताएका छन् । उनले यो कटौती यसअघि सार्वजनिक गरिएको पाँच हजार सैनिक फिर्ताभन्दा अझ ठूलो हुने सङ्केत गरेका छन् ।

राष्ट्रपति ट्रम्पका अनुसार अमेरिकाले जर्मनीमा आफ्नो सैन्य उपस्थिति 'धेरै ठूलो मात्रामा' घटाउनेछ । उहाँले पत्रकारहरूसँग कुरा गर्दै स्पष्ट रूपमा भन्नुभयो," हामी ठूलो मात्रामा कटौती गर्दैछौं, र यो पाँच हजार भन्दा पनि धेरै हुनेछ।"

यसअघि अमेरिकी रक्षा मन्त्रालयले जर्मनीबाट करिब पाँच हजार सैनिक फिर्ता गर्ने योजना सार्वजनिक गरेको थियो । तर राष्ट्रपति ट्रम्पको पछिल्लो अभिव्यक्तिले उक्त योजनाभन्दा अझ व्यापक सैन्य कटौती हुन सक्ने सङ्केत दिएको छ।

जर्मनीका रक्षामन्त्री बोरिस पिस्टोरियसले भने अमेरिकी सैनिकहरूको केही सङ्ख्या घटाउने निर्णय अपेक्षित रहेको बताउँदै युरोपेली देशहरूले आफ्नो रक्षा क्षमतामा थप जिम्मेवारी लिनुपर्नेमा जोड दिएका छन्।

यद्यपि, उनले अमेरिका-युरोप सुरक्षा साझेदारी दुवै पक्षका लागि लाभदायक रहेको

बाँकी ४ पेजमा

## संघीय निजामती सेवा ऐन :

# असन्तुलनका मुद्दा र सुधारका प्रस्तावहरू



देब बहादुर बुढा




"निजामति सेवा ऐन २०४९ मा ३० प्रतिशत बढुवा निर्धारण गर्दा समेत १८-२० वर्षसम्म नासु सरहका कर्मचारी बढुवा हुन नसकेको अवस्था विधमान छ।

नेपालमा संघीय शासन प्रणाली लागू भएसँगै राज्य संरचना मात्र होइन, प्रशासनिक संयन्त्रको पनि व्यापक पुनर्संरचना आवश्यक भएको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको बाँडफाँट स्पष्ट गरे पनि लामो समयसम्म ऐन जारी हुन नसक्दा कर्मचारी व्यवस्थापन, सेवा सुरक्षा, बढुवा प्रणाली, ट्रेड यूनियनको भूमिका, समायोजन तथा करार कर्मचारीका विषयहरूमा अन्योल र असन्तुलन देखिँदै आएको छ।

त्यसैले प्रस्तावित ऐनलाई केवल कानुनी दस्तावेजको रुपमा मात्र नभई समावेशी, न्यायपूर्ण र परिणाममुखी प्रशासन निर्माण गर्ने माध्यमका रूपमा परिमार्जन गर्दै तत्काल जारी गर्न आवश्यक छ। यस पृष्ठभूमिमा म लामो समय प्रशासनिक संक्रमणमा अल्झिरहेको एक राष्ट्रसेवकको हैसियतले सरकारलाई यस स्टेटमेन्ट मार्फत संघीय निजामती सेवा ऐनलाई समावेशी, न्यायपूर्ण र दक्ष प्रशासन निर्माण गर्ने माध्यमका रूपमा परिकल्पना गर्दै केही नीति सुझाव प्रस्तुत गर्न सान्दर्भिक ठान्दछु।

**निजामतीको परिभाषा: एकीकृत पहिचानको आवश्यकता**

प्रस्तावित ऐनमा 'निजामती' शब्दलाई केवल संघीय पदमा बहाल कर्मचारीमा सीमित गरिएको देखिन्छ। तर संघीय शासन प्रणालीको मर्मअनुसार यसलाई संघ, प्रदेश र स्थानीय तहमा कार्यरत समायोजित कर्मचारीहरू तथा संघीय र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई नियुक्त भएका सबै कर्मचारीलाई समेट्ने गरी परिभाषामा समेटिनु पर्दछ। यसले तिनै तहका कर्मचारीबीच साझा पहिचान र संस्थागत एकरूपता कायम गर्न मद्दत गर्छ।

**बढुवा प्रणालीमा असमानता: मेरुदण्ड नै उपेक्षित**

प्रस्तावित व्यवस्थाअनुसार नायब सुब्बा, उपसचिव र सहसचिव तहमा करिब ८० प्रतिशतसम्म बढुवा सुनिश्चित गरिएको छ भने शाखा अधिकृत तहमा मात्र २० प्रतिशत बढुवा प्रतिशत राखिएको छ। यस्तो व्यवस्था संगठन भित्रको समानता र न्यायको सिद्धान्त विपरीत देखिन्छ।

शाखा अधिकृत तह प्रशासनिक संरचनाको मेरुदण्ड हो। नीति कार्यान्वयन, समन्वय र सेवा प्रवाहको मुख्य जिम्मेवारी यही तहले वहन गर्छ। यस्तो महत्त्वपूर्ण तहमा अवसर सीमित हुँदा "क्यारियर बोटलनेक" सिर्जना हुन्छ, जसले कर्मचारीलाई लामो समय एउटै तहमा अड्काउँछ। निजामति सेवा ऐन २०४९ मा ३० प्रतिशत बढुवा निर्धारण गर्दा समेत १८-२० वर्षसम्म नासु सरहका कर्मचारी बढुवा हुन नसकेको अवस्था विधमान छ।

अर्कोतर्फ, माथिल्लो तहमा उच्च बढुवा दर राख्नुको तर्क अनुभवको निरन्तरता हुन सक्छ, तर यही तर्क कार्यान्वयन तहमा पनि उत्तिकै लागू हुन्छ। त्यसैले बढुवा प्रणालीलाई सन्तुलित बनाउँदै शाखा अधिकृत तहमा कम्तीमा ५०-६० प्रतिशत बढुवा दर कायम गरिनु आवश्यक छ। साथै, बढुवालाई कार्यसम्पादन, अनुभव र क्षमतामा आधारित मिश्रित प्रणालीसँग जोडिनुपर्छ।

**ट्रेड यूनियन: अधिकारसँगै उत्तरदायित्व**

नेपाल अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को पक्ष राष्ट्र हो र संविधानले पनि संगठित हुने अधिकार सुनिश्चित गरेको छ। त्यसैले ट्रेड यूनियनमाथि रोक लगाउन उपयुक्त हुँदैन। ट्रेड यूनियन माथि वर्तमान अवस्थामा लाग्दै आएको आरोप अत्यधिक राजनीतिकरण, सेवामा अवरोध र उत्तरदायित्वको अभाव छ। यस विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एक ट्रेड युनियन व्यवस्थापन समिति गठन गरी ट्रेड यूनियन संञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा निम्न विषयहरु सहितको सुधारिएको ट्रेड युनियन सम्बन्धी व्यवस्था कायम गर्न सकिन्छ।

- पेशागत यूनियन प्रणाली
- आचारसंहिता अनिवार्य
- "No Work, No Pay" सिद्धान्त
- राजनीतिक निष्पक्षता
- संस्थागत संवाद
- पारदर्शिता र जवाफदेहिता

जस्ता उपायमार्फत "रोक होइन, सुधार" को बाटो अपनाउनु उपयुक्त हुन्छ ।

**घर विदा: उपयोग र नगद भुक्तानीको सन्तुलन**

हालको १८० दिनसम्म सञ्चित हुने र त्यसपछि फ्रिज हुने व्यवस्थाले कर्मचारीलाई विदा नलिने प्रवृत्ति बढाएको छ। यसले स्वास्थ्य, उत्पादकत्व र कार्यक्षमतामा असर पार्न सक्छ।

त्यसैले:

- वार्षिक ३० दिनमध्ये कम्तीमा १५ दिन अनिवार्य उपयोग
- बाँकी विदाको असार मसान्तमा नगद भुक्तानी
- १८० दिनभन्दा बढीमा आंशिक भुक्तानी
- डिजिटल प्रणालीमार्फत व्यवस्थापन

जस्ता सुधार आवश्यक देखिन्छ।

**समायोजित कर्मचारी: स्थिरता होइन, गतिशीलता**

समायोजन भएका कर्मचारीलाई दीर्घकालसम्म एउटै तहमा सीमित गर्नु पेशागत विकास र मनोबलका दृष्टिले उपयुक्त छैन। त्यसैले:

- न्यूनतम ५ वर्षपछि अन्तर-तह सरुवा
- समायोजित कर्मचारीहरुको लागि बढुवामा २०-३० प्रतिशत अवसर
- एकपटक विशेष सरुवा/समायोजन सच्याउने अवसर

जस्ता व्यवस्था आवश्यक छन्।

**करार कर्मचारी: न्यायोचित संक्रमणको खाँचो**

प्रशासनिक संक्रमणकालिन अवस्थामा जटिल अवस्थामा जटिल कार्यक्षेत्र र कार्यक्रम संञ्चालन गरेर सरकार प्रतिको भरोसा जगाएका करार सेवाका कर्मचारीको विषयमा पनि सरकार गम्भीर बन्न जरुरी छ । यो ऐन लागू हुँदा करार सेवामा रहेका कर्मचारीलाई बेवास्ता गर्न मिल्दैन। लामो समय सेवा गरेका योग्य कर्मचारीका लागि न्यूनतम निम्न व्यवस्था गर्न आवश्यक छ।

- एकपटक सीमित प्रतिस्पर्धामा उमेर हद नलाग्ने व्यवस्था गर्ने
- परीक्षामा सहभागी हुन नचाहनेलाई स्वेच्छिक अवकाशमा उपदान प्रदान गर्ने

**निष्कर्ष**

संघीय निजामती सेवा ऐन राज्यको प्रशासनिक ढाँचालाई निर्देशित गर्ने आधारभूत कानुन हो। यसभित्रको असन्तुलनले केवल कर्मचारी व्यवस्थापनमा मात्र होइन, समग्र शासन प्रणालीमा प्रभाव पार्छ। परिभाषामा स्पष्टता, बढुवामा समानता, ट्रेड यूनियनमा सुधार, विदा व्यवस्थापनमा सन्तुलन, समायोजित कर्मचारीमा गतिशीलता र करार कर्मचारीमा न्यायोचित व्यवस्थापन–यी सबै पक्ष समेटेर मात्र सक्षम निजामती सेवा निर्माण सम्भव छ।त्यसैले अबको आवश्यकता स्पष्ट छ–निजामती सेवामा सुधार टुक्राटुक्रामा होइन, समग्र र सन्तुलित दृष्टिकोणबाट गर्नुपर्छ।यसरी मात्र संघीयताको प्रशासनिक आधार बलियो र विश्वासयोग्य बन्न सक्छ।

*(लेखक छेडागाड नगरपालिका जाजरकोटका सूचना अधिकारी हुन्)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष**: काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति रहनेछ। दिनभर दौडधुप गर्नुपरे पनि काम अधुरो रहला।

**वृष**: दिन मनोरञ्जनपूर्ण रहनेछ। आतिथ्यपूर्ण सम्मानका साथ मित्रताको बन्धन कसिलो हुनेछ। व्यवसायका लागि यात्रा सम्भावना छ।

**मिथुन**: आलस्य गर्ने बानीले समस्या निम्त्याए पनि मेहनतीहरूका लागि समय उत्साहजनक रहनेछ। सम्झौता गर्नुपरे पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ।

**कर्कट**: सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्न सक्छ। मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ।

**सिंह**: आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन्। अरूको विश्वास गर्दा धोका हुन सक्छ।

**कन्या**: प्रयत्न गर्दा ठूलो काम सम्पादन हुनेछ। छोटो समयमा राम्रो उपलब्धि हातपार्न सफल भइनेछ। स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ।

**तुला**: मेहनतले सम्मानित स्थान समेत दिलाउनेछ। मान-सम्मान प्राप्त हुनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ।

**वृश्चिक**: सहयोगीहरू प्रशस्तै भेटिनेछन् । रचनात्मक कार्य प्रारम्भ गर्ने समय छ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला।

**धनु**: अप्ठ्यारो काम थाल्नाले दिनभरि दौडधुप गर्नुपर्ला। कामले खर्च बढाउन सक्छ। सञ्चित रकम अरूलाई सरसापट दिनुपर्ने हुन सक्छ।

**मकर**: प्रयत्न गर्दा आयस्रोत बढाउन सकिनेछ। व्यापारमा अड्किएको रकम उठ्नेछ। भविष्यका लागि केही लगानी बढाउन सकिनेछ।

**कुम्भ**: मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ। प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ।

**मीन**: अरूको सहयोगमा जुट्नुपरे पनि आफैंलाई फाइदा हुनेछ। समाजमा तारिफयोग्य काम सम्पादन हुनेछ। मेहनतले राम्रै उपलब्धि दिलाउनेछ।

# किसान सूचीकरण कार्यक्रम

**युग संवाददाता**
**कञ्चनपुर, २० वैशाख ।**

शुक्लाफाँटा नगरपालिकामा किसान सूचीकरण कार्यक्रम सञ्चालन गरिएको छ। किसान वर्गीकरण गरी परिचयपत्र तयार पार्ने, राष्ट्रिय परिचयपत्रसँग आबद्ध गर्ने र सोही आधारमा आवश्यक सुविधा दिने उद्देश्यसहित कार्यक्रम अगाडि बढाइएको नगरपालिकाले जनाएको छ।

नगरको कृषि विकास शाखाका अधिकृत विनय जोशीले प्रारम्भिक चरणमा छ जना गणक नियुक्त गरी वडा नं ६ र १० मा सूचीकरणको काम सुरु गरिएको र त्यहाँ सम्पन्न भएपछि वडा नं ७, ८ र ९ मा समेत कार्यक्रम विस्तार गर्ने योजना रहेको जानकारी दिए। त्यसपछि नगरपालिकाका १२ वटै वडामा क्रमशः किसान सूचीकरणको कार्य हुने उनले बताए।

"खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १४ अनुसार किसानको पहिचान गरी सरकारी सेवासुविधा पारदर्शी र व्यवस्थित बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो", शाखा अधिकृत जोशीले भने, "सूचीकरण प्रणालीमार्फत किसानका व्यक्तिगत तथा कृषि व्यवसायसम्बन्धी विवरण विद्युतीय प्रणालीमा सङ्कलन गरिनेछ। जसले किसान लक्षित कार्यक्रम गर्न सहज हुनेछ।"

कृषि विकास शाखा प्रमुख करनसिंह बुढाऐरले सूचीकरणले वास्तविक किसानको पहिचान गर्न, कृषि क्षेत्रमा हुने दोहोरोपन हटाउन, कृषकलाई एकीकृत तथ्याङ्कमा ल्याई आगामी दिनमा सेवासुविधा प्रभावकारी रूपमा वितरण गर्न सहयोग पुग्ने बताए।

# विभिन्न अध्यादेश जारी भएसँगै पदमुक्त हुँदै पदाधिकारीहरू

**युग संवाददाता**
**काठमाडौँ, २० वैशाख ।**



राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा 'सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' शुक्रबार जारी गरेका छन्। प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले प्रशासनिक सुदृढीकरण र राज्यका निकायहरूलाई नयाँ गति दिने उद्देश्यले चालेको यो कदमसँगै विभिन्न ऐन र संरचनाअन्तर्गत राजनीतिक नियुक्ति पाएका कुल एक हजार ५९४ पदाधिकारी एकमुष्ट पदमुक्त हुने भएका छन्।

**सञ्चार, हवाई सेवा र मुद्रण क्षेत्रको पदमुक्ति**

नेपाल वायुसेवा निगम ऐन, २०१९ बमोजिम नियुक्त अध्यक्ष, उपाध्यक्ष, सञ्चालक र महाप्रबन्धकसहित सात पदाधिकारी पदमुक्त हुने भएका छन्। राष्ट्रिय समाचार समिति (रासस) ऐन, २०१९ अन्तर्गतका दुई जना सञ्चालक र गोरखापत्र संस्थान ऐन, २०१९ बमोजिमका अध्यक्ष तथा सञ्चालक गरी तीन जनाको पद रिक्त हुने भएको छ।

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ अन्तर्गत चलचित्र जाँच समितिका अध्यक्ष र सदस्य गरी तीन जना तथा सञ्चार संस्थान ऐन, २०२८ बमोजिम नियुक्त अध्यक्ष र सञ्चालक गरी दुई जना पदमुक्त हुने भएका छन्। प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम मनोनित अध्यक्ष र सदस्य गरी १० जना तथा श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ अन्तर्गत नियुक्त अध्यक्ष र सदस्य गरी ६ जना पदमुक्त हुने भएका छन्। दूरसञ्चार ऐन, २०५३ बमोजिम नियुक्त प्राधिकरणका अध्यक्ष र सदस्य गरी पाँच जना तथा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिमका चार जना सदस्य पदमुक्त हुने भएका छन्।

विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम सूचना प्रविधि न्यायाधिकरण र पुनरावेदन न्यायाधिकरणका ६ पदाधिकारी तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गतका प्रमुख सूचना आयुक्त र सूचना आयुक्त गरी तीन जनाको पद रिक्त हुनेछ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ बमोजिम नियुक्त अध्यक्ष र सदस्य गरी ६ जना, सुरक्षण मुद्रणसम्बन्धी ऐन, २०८१ अन्तर्गत नियुक्त तीन जना र सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ बमोजिमका अध्यक्ष र सदस्य गरी १५ जना पदाधिकारी पदमुक्त हुने भएका छन्।

**शिक्षा तथा विश्वविद्यालय क्षेत्र**

शिक्षा ऐन, २०२८ अन्तर्गतका विभिन्न समिति र शिक्षक सेवा आयोगका अध्यक्ष तथा सदस्य गरी २३ जना पदमुक्त हुने भएका छन्। नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ बमोजिम नियुक्त उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित २८ जना तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ अन्तर्गतका १७ जना पदाधिकारीको पद रिक्त हुने भएको छ। राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अन्तर्गत नियुक्त ३४ जना पदाधिकारी पदमुक्त हुने भएका छन्।

काठमाडौँ विश्वविद्यालय ऐन, २०४८ बमोजिम नियुक्त उपकुलपति र कुलसचिवलगायत २५ जना तथा त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ बमोजिम नियुक्त उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित ८४ पदाधिकारी पदमुक्त हुने भएका छन्। विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम नियुक्त अध्यक्ष र सदस्य गरी आठ जना तथा पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० अन्तर्गत नियुक्त उपकुलपति र कुलसचिवलगायत ६९ पदाधिकारी पदमुक्त हुने भएका छन्।

त्यसैगरी पोखरा विश्वविद्यालय ऐन, २०५३ बमोजिम नियुक्त उपकुलपति र शैक्षिक प्रमुखसहित ५० जना तथा लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ बमोजिम नियुक्त उपकुलपति र कुलसचिवलगायत ४४ जना पदमुक्त हुने भएका छन्।

सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ अन्तर्गत नियुक्त भएका २७ जना र मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ बमोजिम नियुक्त २६ जना पदाधिकारीको पद रिक्त हुने भएको छ। कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ अन्तर्गत नियुक्त २२ जना, नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ बमोजिम नियुक्त २४ जना, राजर्षि जनक विश्वविद्यालय ऐन, २०७४ अन्तर्गत नियुक्त ३९ जना र मदन भण्डारी विश्वविद्यालय ऐन, २०७९ बमोजिम नियुक्त २४ पदाधिकारीहरू पदमुक्त हुने भएका छन्।

**स्वास्थ्य, चिकित्सा र विज्ञान क्षेत्र**

आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ बमोजिम नियुक्त कुलसचिव र सदस्य गरी ६ जना तथा नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ बमोजिमका नौ पदाधिकारी पदमुक्त हुने भएका छन्। पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ अन्तर्गत नियुक्त पाँच जना पदमुक्त हुने भएका छन्।

त्यस्तै बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अन्तर्गत नियुक्त उपकुलपतिलगायत १५ जना तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ बमोजिमका पाँच जना सदस्यको पद रिक्त हुने भएको छ।

नेपाल नर्सिङ परिषद् ऐन, २०५२ अन्तर्गत नियुक्त आठ जना र नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ बमोजिम नियुक्त पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्। बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ अन्तर्गत नियुक्त १० जना र सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ बमोजिम नियुक्त आठ जना पदमुक्त हुने भएका छन्। नेपाल फार्मेसी परिषद् ऐन, २०५७ अन्तर्गत नियुक्त सात जना र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ बमोजिम नियुक्त २२ पदाधिकारी पदमुक्त हुने भएका छन्।

त्यस्तै पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत नियुक्त ३३ जना र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ बमोजिम नियुक्त ३४ पदाधिकारीको पद रिक्त हुने भएको छ। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ अन्तर्गत नियुक्त ३१ जना र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ बमोजिम नियुक्त ३१ पदाधिकारीहरू पदमुक्त हुने भएका छन्।

स्वास्थ्य बीमा ऐन, २०७४ अन्तर्गत नियुक्त सात जना र जनस्वास्थ्य ऐन, २०७५ बमोजिम नियुक्त ६ सदस्यको पद जाने भएको छ। नेपाल मेडिकल काउन्सिल ऐन, २०७५ अन्तर्गत नियुक्त आठ जना र राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम नियुक्त १६ पदाधिकारी पदमुक्त हुने भएका छन्। विदुषी योगमाया हिमालय आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ अन्तर्गत नियुक्त ४२ जना र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२ बमोजिम नियुक्त २९ पदाधिकारीको पद रिक्त हुने भएको छ।

**ऊर्जा, पूर्वाधार, वित्तीय र नियमनकारी निकाय**

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम नियुक्त कार्यकारी निर्देशक र सदस्य गरी ६ जना तथा काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अन्तर्गत नियुक्त चार पदाधिकारी पदमुक्त हुने भएका छन्। नेपाल खानेपानी संस्थान ऐन, २०४६ बमोजिम नियुक्त ६ जना र नगर विकास कोष ऐन, २०५३ अन्तर्गत नियुक्त ६ पदाधिकारी पदमुक्त हुने भएका छन्।

त्यस्तै सडक बोर्ड ऐन, २०५८ बमोजिम नियुक्त चार जना, विद्युत् नियमन आयोग ऐन, २०७४ अन्तर्गत नियुक्त पाँच जना र नेपाल रेल्वे ऐन, २०७९ बमोजिम नियुक्त रेल्वे प्रशासक र सदस्य गरी पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्। वित्तीय क्षेत्रतर्फ कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम नियुक्त आठ जना र नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत नियुक्त तीन जनाको पद रिक्त हुने भएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट ऐन, २०५३ बमोजिमका १५ जना र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ अन्तर्गत नियुक्त पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्।

त्यसैगरी अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४ बमोजिम नियुक्त तीन जना र धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गत नियुक्त एक सदस्यको पद जाने भएको छ। प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ बमोजिम नियुक्त ६ जना र सार्वजनिक खरिद ऐन, २०६३ अन्तर्गत पुनरावलोकन समितिका तीन पदाधिकारी पदमुक्त हुने भएका छन्।

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत र सदस्य गरी तीन जना र विशेष आर्थिक क्षेत्र ऐन, २०७३ अन्तर्गत नियुक्त एक जनाको पद रिक्त हुने भएको छ। सहकारी ऐन, २०७४ बमोजिम नियुक्त आठ जना र सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ अन्तर्गत नियुक्त चार पदाधिकारीहरू पदमुक्त हुने भएका छन्। औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम नियुक्त दुई जना, बीमा ऐन, २०७९ अन्तर्गत नियुक्त दुई जना र प्रत्यायन ऐन, २०७९ बमोजिम नियुक्त ६ पदाधिकारीको पद जाने भएको छ।

**कृषि, वातावरण, प्रज्ञा प्रतिष्ठान र सामाजिक क्षेत्र**

बिउबिजन ऐन, २०४५ अन्तर्गतका आठ सदस्य र नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ बमोजिम नियुक्त नौ पदाधिकारी पदमुक्त हुने भएका छन्। राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ अन्तर्गत नियुक्त सात जना र राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ बमोजिम नियुक्त सात जनाको पद रिक्त हुने भएको छ।

त्यस्तै नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ अन्तर्गत नियुक्त तीन जना र बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ बमोजिम नियुक्त पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्। जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ अन्तर्गत नियुक्त छ जना र वातावरण संरक्षण ऐन, २०७६ बमोजिम नियुक्त पाँच जनाको पद जाने भएको छ। खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम नियुक्त सात पदाधिकारी पदमुक्त हुने भएका छन्।

प्रज्ञा प्रतिष्ठानतर्फ नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१ बमोजिम नियुक्त नौ जना र गुठी संस्थान ऐन, २०३३ अन्तर्गत नियुक्त १० जनाको पद रिक्त हुने भएको छ। लुम्बिनी विकास कोष ऐन, २०४२ बमोजिम नियुक्त ११ जना र पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ अन्तर्गत नियुक्त नौ पदाधिकारी पदमुक्त हुने भएका छन्।

त्यसैगरी नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ बमोजिम नियुक्त ४९ जना र नेपाल स्काउट ऐन, २०५० अन्तर्गत नियुक्त ३३ जनाको पद जाने भएको छ। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ बमोजिम नियुक्त १६ जना र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अन्तर्गत नियुक्त २५ पदाधिकारी पदमुक्त हुने भएका छन्।

आदिवासी जनजाति परिषद् अन्तर्गतका ६० जना मनोनीत सदस्यहरू र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ बमोजिम नियुक्त ३३ जनाको पद रिक्त हुने भएको छ। नेपाल सङ्गीत तथा नाट्यकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत नियुक्त ३३ जना र नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ बमोजिम नियुक्त ४३ पदाधिकारी पदमुक्त हुने भएका छन्।

**प्रशासनिक तथा सामाजिक क्षेत्रतर्फ**

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ बमोजिम नियुक्त चार जना र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ अन्तर्गत नियुक्त एक जनाको पद जाने भएको छ। समाज कल्याण ऐन, २०४९ बमोजिम नियुक्त १० जना र नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ अन्तर्गत नियुक्त १४ पदाधिकारी पदमुक्त हुने भएका छन्।

त्यस्तै वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम नियुक्त १० जना र नेपाल ट्रष्ट ऐन, २०६४ अन्तर्गत नियुक्त तीन जनाको पद रिक्त हुने भएको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिमका पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्।

श्रम ऐन, २०७४ बमोजिम नियुक्त १० जना र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अन्तर्गत नियुक्त सात जनाको पद जाने भएको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम नियुक्त चार जना र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ अन्तर्गत नियुक्त १७ पदाधिकारी पदमुक्त हुने भएका छन्।

त्यसैगरी भूउपयोग ऐन, २०७६ बमोजिम नियुक्त चार जना, रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ अन्तर्गत नियुक्त तीन जना र राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम नियुक्त २७ पदाधिकारीहरूको पद रिक्त हुने भएको छ। यसरी एक हजार ५९४ पदाधिकारी पदमुक्त हुने भएका छन्। सरकारले अब यी रिक्त पदमा नयाँ नियुक्ति प्रक्रिया चाँडै अगाडि बढाउने तयारी गरेको छ।

## शून्य फोहर...

फोहरमा एचआइभी, हेपाटाइटिस बि, हेपाटाइटिस सि लगायत अन्य घातक रोगका किटाणुहरुबाट बिरामी, स्वास्थ्यकर्मी एवम् जनस्वास्थ्यमा पर्न सक्ने प्रतिकुल असर न्यूनिकरण गर्ने लक्ष्य परियोजनाको छ।

तथ्याङ्क अनुसार प्रदेश अस्पतालमा अहिले दैनिक एक सय ९५ किलोग्रमाम कम जोखिमजन्य र एक सय १३ किलोग्राम उच्च जोखिमजन्य फोहर उत्पादन हुने गरेको छ। हाल नगरपालिकाले फोहर व्यवस्थापन गर्दै आए पनि विसर्जन गर्ने स्थान व्यवस्थित नहुँदा वर्षाको समयमा पानीले बगाएर लैजाने र वातावरणीय प्रदूषण निम्त्याउने खतरा छ।

अत्याधुनिक प्रविधियूक्त उपरकणसहित विशिष्टिकृत सेवा प्रदान गर्न थालेसँगै प्रदेश अस्पतालमा सेवा लिनेहरुको संख्या दैनिक बढ्दोक्रममा छ। बिरामीको चाप बढ्दा अस्पतालबाट सेवा दिनेक्रममा उत्पादन हुने फोहरका कारण बिरामी, स्वास्थ्यकर्मी र समुदायमा जोखिम बढ्दो छ।

हेकाफ ३६० का कार्यकारी निर्देशक डा. मोचन भट्टराईका अनुसार गत चैतबाट लागु भएको यो परियोजनामा करिब एक करोड रुपैयाँ बराबरको आर्थिक तथा प्राविधिक सहयोग रहनेछ। उनका अनुसार परियोजनामार्फत अस्पतालबाट निस्कने फोहरलाई अधिकतम पुनः प्रयोग गरी विसर्जन गर्नुपर्ने फोहरको मात्रा शून्यमा पुऱ्याउने लक्ष्य छ।

त्यस्तै, स्वास्थ्यकर्मी र फोहर व्यवस्थापनमा खटिने कर्मचारीहरूलाई विशेष तालिम प्रदान, फोहर वर्गीकरण, ढुवानी र सुरक्षित विसर्जनका लागि आवश्यक पूर्वाधार र उपकरणमा अस्पताललाई सहयोग गरिने उनले बताए।

## स्वास्थ्यजन्य...

अन्तिम विसर्जनसम्म निश्चित चक्र हुन्छ,' उनले भनिन्, 'यो परियोजनामार्फत पहिले फोहरलाई प्रशोधन गरेर निष्क्रिय पार्छौं र त्यसपछि सिमेन्टको भल्ट (क्याप्सुल) बनाएर सुरक्षित व्यवस्थापन गर्छौं।'

उनले नेपालका स्वास्थ्य संस्थाहरुमा फोहर बाल्ने तथा नगरपालिकाको फोहर संकलन प्रणालीमा मिसाउने हानिकारक अभ्यास रहेको बताइन। जसले वातावरण र मानवस्वास्थ्यमा गम्भीर असर पारिरहेको छ। 'फोहर बाल्नाले त्यसबाट दीर्घकालिन जैविक तत्वहरु जस्तै, डाइअक्सिन, फुरान्स आदि विषालु ग्याँसहरु उत्पादन भई जनसमुदायको स्वास्थ्यमा प्रतिकुल असर परेको हुन्छ,' उनले भनिन्।

स्वास्थ्यजन्य फोहरलाई नगरपालिकाको फोहर संकलन प्रणालीमा मिसाउँदा त्यसबाट जनसमुदायमा नयाँ रोगको संक्रमण फैलिने जोखिम उच्च रहने भएकाले यस्ता फोहरको उचित व्यवस्थापन हुनु अति आवश्यक रहेको उनले औल्याइन।

फोहर व्यवस्थापमा महत्वपूर्ण चरण फोहरलाई स्रोतमै छुट्याउनु पर्ने उनले बताइन। स्वास्थ्यजन्य फोहरलाई जलाउनुको साटो घटाउने, पुनः प्रयोग गर्ने, नयाँ उद्देश्यका लागि प्रयोग गर्ने, मर्मत गर्ने, पुनर्चक्रण गर्ने वा कुहाउनु पर्ने उनले बताइन।

कर्णाली प्रदेश अस्पतालका निर्देशक डा. गणेश थापाले अस्पताललाई नमुना योग्य बनाउन फोहर व्यवस्थापनमा विशेष जोड दिइएको बताए। उनले भने, 'अस्पतालमा फोहर व्यवस्थापन एउटा छुट्टै र महत्वपूर्ण विभाग हो। हामी विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार काम गर्ने प्रयास गरिरहेका छौं।'

डा. थापाका अनुसार आगामी आर्थिक वर्षका लागि फोहर व्यवस्थापनमा छुट्टै बजेटको व्यवस्था गर्ने र जनशक्ति अभावलाई पूर्ति गर्न आर्थिक विनियमावलीमा संशोधन गर्ने तयारी भइरहेको छ। परियोजनाले अस्पताल र समुदायबीच समन्वय गरी फोहरलाई आम्दानीको स्रोत बनाउन र वातावरण मैत्री अस्पताल निर्माण गर्न सघाउने अपेक्षा उनले गरे।

हाल फोहरलाई प्रशोधन गरेर विसर्जन गर्ने गरिएको भएपनि यसबाट आर्थिक लाभ लिन र नीतिगत समस्या समाधान गर्न अझै बाँकी रहेको निर्देशक थापाले बताए। उनले अस्पतालमा मात्र नभई समुदायस्तरमा फोहरलाई स्रोतबाटै वर्गीकरण गरी पुनः प्रयोगमा जोड दिन आग्रह गरे।

## जुम्ला...

निर्वाचनमा जुम्लाको चन्दननाथ नगरपालिकाको तत्कालीन नेकपा माओवादी केन्द्रबाट मेयर पदमा उम्मेदवार बनेका व्यक्ति हुन्। उनले २ हजार १५ मत ल्याए पनि पराजित भएका थिए, जहाँ नेपाली काङ्ग्रेसकी कान्तिकम सेजुवाल २ हजार ८ सय ६ मतसहित विजयी भएकी थिइन्। त्यसको प्रभाव यस पटकको उपभोक्ता समिति निर्वाचनमा समेत देखिएको विश्लेषण हुन थालेको छ।

उपाध्यक्षमा काली बहादुर थापा ४ सय ९५ मतसहित विजयी हुँदा उनका प्रतिस्पर्धी काली बहादुर महतले २ सय ७० मत पाए। महासचिवमा दत्त बहादुर शाही ३ सय ४१ मतसहित निर्वाचित हुँदा टिका नगरकोटीले ३ सय १४ मत प्राप्त गरिन्। अर्को उम्मेदवार राजबहादुर भन्ध्री १ सय ५६ मतमा सीमित भए।

सचिवमा जगत बहादुर रोकाया ३ सय २१ मत ल्याएर विजयी भए भने अंगराज चौलागाईंले ३ सय ६ मत पाए। त्यस्तै अर्को उम्मेदवार देबीबहादुर रोकायाले १ सय ५९ मतमै चित्त बुझाए। कोषाध्यक्षमा रबि देवकोटालाई सर्वसहम गरियो।सदस्यमा गौकला सार्की ३ सय ९५ मतसहित निर्वाचित भइन्। उनकी निकटतम प्रतिद्वन्द्वी कालो सुनार (कामी) ३ सय ९३ मत ल्याउँदै झिनो मतान्तरले पराजित भए, जसले प्रतिस्पर्धा कति चर्को थियो भन्ने झल्काउँछ।

मनोनित सदस्यहरुमा दानबहादुर रावल, महेन्द्रनाथ योगी, दलबहादुर नेपाली छन्। उपभोक्ता समितिमा १ हजार ८ सय ६४ मतदाता रहेकामा ८ सय ७२ मत खसेको थियो। मतदाताको सहभागिता उल्लेखनीय देखिए पनि सर्वसम्मतिको प्रयास विफल हुनु र तीव्र प्रतिस्पर्धाबीच नेतृत्व चयन हुनु पानीजस्तो आधार भूत सेवासँग गाँसिएको संस्थामा समेत ध्रुवीकरण बढ्दो रहेको संकेतका रूपमा हेरिएको छ। यो तीन वर्षे कार्यालय हुन्छ। सदरमुकामका १ हजार ८ सय १४ घरधुरीमा धारा संचालित छन्।

# भरुवा बन्दुकसहित वडा सदस्य पक्राउ

**युग संवाददाता**
**हुम्ला, २० वैशाख ।**

खार्पुनाथ गाउँपालिका-४ का वडा सदस्य ६३ वर्षीय मक्कबहादुर रोकाया भरुवा बन्दुकसहित पक्राउ परेका छन्। शनिबार प्रहरीले वडा सदस्य रोकाया घरमा लुकाएर राखेको भरुवा बन्दुक फेला पारेको थियो।

उनलाई बन्दुकसहित पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक शङ्कर खड्काले बताए। वडा सदस्य रोकायाको घरमा भरुवा बन्दुक एक थान, फलामको रडको गोली १२ थान र बारुद ११० ग्राम लुकाइछिपाइ राखेको अवस्थामा फेला पारेको उनले बताए। वडा सदस्य रोकायाबारे जिल्ला प्रहरी कार्यालय सिमकोटले थप अनुसन्धान अघि बढाएको प्रहरी नायब उपरीक्षक खड्काले बताए।


## नागरिक वडापत्रको उपयोग गरौं।

**नागरिक वडापत्रमा:**
- सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
- सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
- सेवा प्राप्त गर्न लाग्ने शुल्क र समयावधि,
- सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र निजको कार्यकक्षको विवरण,
- तोकिए बमोजिम अन्य कुरा उल्लेख गरिएका हुन्छन्।

**सेवाग्राहीले:**
- समयमा सेवा प्राप्त नभए तत्काल कार्यालय प्रमुख वा तोकिएको अधिकारी समक्ष उजुरी गरौं।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

# मुक्तकमैया पुनःस्थापनामा अन्योलता

**युग संवाददाता**

**कञ्चनपुर, २० वैशाख ।** पश्चिम तराईका मुक्तकमैया तथा कमलहरी समुदायले पुनःस्थापनाको काम अझै प्रभावकारी रूपमा अगाडि नबढेको भन्दै सरकारसँग तत्काल पहलको माग गरेका छन् ।

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१० झलारीमा शनिबार आयोजित जागरणसभाका क्रममा कृषि तथा पशुपन्छी विकास, वन तथा वातावरणमन्त्री गीता चौधरीलाई ज्ञापनपत्र बुझाउँदै मुक्तकमैया अगुवाहरूले २०७५ सालदेखि पुनःस्थापनाको कार्य ठप्प हुँदा कष्टकर जीविन बिताउनुपरेको बताएका छन् । मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरीले अधिकारसम्पन्न मुक्तकमैया आयोग गठन नगरेसम्म सबै मुक्तकमैयाको समुचित पुनःस्थापना सम्भव नहुने बताए ।

कैलालीमा मात्र कैलारी गाउँपालिकाको मिलनपुर, सपनानगर, ओमनगर, हीरापुर, केगाउँ शिविर, सुर्मिनाला, टीकापुरको शिवनगर, शक्तिनगर, विजयनगर, लम्कीको एकतानगरलगायत करिब १३० मुक्तकमैया बस्ती रहेका छन् । ती बस्तीमा बसोबास सुरु भएको १९ वर्ष पुगिसक्दा पनि स्थायी समाधान नआएको अध्यक्ष चौधरीले उल्लेख गरे । ओमनगर क्षेत्रमा कमैया-कमैयाबीच द्वन्द्वको अवस्था सृजना गरिएको समेत उनको भनाइ थियो ।

राष्ट्रिय भूमि आयोगको निर्देशिकाअनुसार १० वर्षभन्दा बढी समयदेखि बसोबास गरेका बस्तीको नापनक्सा गर्न सकिने व्यवस्था छ । सोहीअनुसार २०७९ सालमा ती बस्तीको नाप-नक्साङ्कन सम्पन्न भए पनि त्यसपछि पुनःस्थापना प्रक्रिया अघि नबढ्नु विडम्बनापूर्ण रहेको अध्यक्ष चौधरीले बताए ।

समाजका अनुसार कैलालीमा रातो तीन हजार ७५८, नीलो पाँच हजार २१७, पहेँलो १८९ र सेतो ५९८ गरी नौ हजार ७६३ मुक्तकमैयाले परिचयपत्र प्राप्त गरेका छन् । त्यस्तै, जग्गा पाउनुपर्ने आठ हजार ९७५ परिवारमध्ये आठ हजार २२ परिवारले मात्र जग्गा पाएका छन् । चार सय परिवार सट्टाभर्नाको प्रतीक्षामा छन् भने १७३ परिवारको परिचयपत्र बदर भएको छ । तीन सय ८० परिवार अझै जग्गाविहीन छन् भने एक हजार ५०० परिवारले परिचयपत्र पाउन बाँकी छ । हालसम्म ९५३ परिवार पुनःस्थापनाको पर्खाइमा छन् ।

समाजका केन्द्रीय सदस्य चन्द्रप्रसाद चौधरीले कमैया प्रथा अन्त्य भएको करिब २५ वर्ष बितिसक्दा पनि पुनःस्थापनाको काम अपूरो रहनु दुःखद् भएको बताए । उनका अनुसार २०५७ साल साउन २ गते तत्कालीन सरकारले कमैया मुक्तिको घोषणा गरेपछि कमैया श्रम ऐन, २०५८ र पुनःस्थापनासम्बन्धी नियमावली निर्माण गरिएको थियो । ती कानुनी व्यवस्था कार्यान्वयनमा कमजोरी हुँदा अधिकांश मुक्तकमैया परिवार अझै स्थायी बसोबास, शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता आधारभूत अधिकारबाट वञ्चित रहेको उनले बताए ।

सङ्घीय सरकारले आव २०७५/७६ मा दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका लागि पुनःस्थापनाको बजेटसहित कार्यक्रम स्थानीय तहमा पठाए पनि कार्यान्वयन हुन नसकेको समुदायको आरोप मुक्तकमैया अगुवा भागीराम चौधरीको रहेको छ । पटकपटक सरकारसँग भएका सहमति र प्रतिबद्धता व्यवहारमा कार्यान्वयन नहुँदा समस्या झनै जटिल बन्दै गएको उनीहरूको भनाइ छ ।

मुक्तकमैयाहरूले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गठन गरेको अध्ययन समितिका सिफारिसहरू योजनाबद्ध रूपमा कार्यान्वयन गर्न, श्यामकुमार श्रेष्ठको संयोजकत्वमा तयार गरिएको प्रतिवेदनका आधारमा बनाइएको पुनःस्थापना कार्यविधि मन्त्रीपरिषद्बाट पारित गर्न र मुक्तकमैयाहरूको जमिन समस्या समाधानका लागि अधिकारसम्पन्न कार्यदल गठन गरी लालपुर्जा वितरण गर्न माग गरेका छन् ।

त्यसैगरी, नीतिगत निर्णयबाट तत्काल समाधान गर्न सकिने विषयहरू अविलम्ब पारित गरी कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहलाई निर्देशन दिनुपर्ने, परिचयपत्र प्राप्त छुट मुक्तकमैयालाई लालपुर्जा दिने व्यवस्था गर्नुपर्ने, पाएको जमिन बैंकमा राखी ऋण लिन पाउने व्यवस्था मिलाउनुपर्ने र ऐलानी वा सरकारी जग्गामा बसोबास गरिरहेका परिवारलाई नापी गरी लालपुर्जा वितरण गर्नुपर्ने माग गरिएको छ ।

साथै जमिनको ठेगान नभएका वा अनुपयुक्त स्थानमा दिइएका जग्गा सट्टाभर्ना गर्ने व्यवस्था मिलाउनुपर्ने, अभिलेख अद्यावधिक गर्न मालपोत कार्यालयलाई निर्देशन दिनुपर्ने र शिक्षा, स्वास्थ्य तथा रोजगारीको सुनिश्चितता गर्नुपर्ने माग पनि गरिएको छ ।

## घुँयत्रो

राष्ट्रपतिज्युले अध्यादेश स्वीकृत गर्ने कुराँ वकिल साहबहरलाई सोध्छु र ह्वाँहरु के सल्लाह दिनु हुन्छ त्यै गर्छु भन्दै हुनु हुन्थ्यो त खै त सल्लाह लिनु भएनकि वकिल साहबहरले अध्यादेश स्वीकृत नगर भन्नू भो केई था भएन त ! हामी जनता भनाउँदा कैले राष्ट्रपतिले थभक अथवा लय भन्नू होला भन्दै कुर्दै गरेर बस्या । आखिर अध्यादेश जारी हुँदा वा नहुँदा हामी सामान्य जनतालाई त्यल्ले त हुने क्यैनाई तर भख्खर भख्खर जन्म्या पाटि अनप त्यल्ले चुनाबाँ ल्या दुई तिहाई अनि स्थिर सरकार यस्तो स्थिर सरकार हुँदा त काँग्रेस कमिनिष्ट एक भएर त्यसाँनि राष्ट्रपतिलाई नि थर्काएर अध्यादेश जारी नगर भनेर दवाब दिन्छन भने यी भ्रस्ट दलहरुले सामान्य बहुमत मात्रै ल्याको दलको सरकार भए त्यसको के हविगत गराउँदा हुन । बिचरा काँग्रेस पाटिबाट १७ /१७ पटक चुनाब हारेर लखतरान भाका बृध्दलाई राष्ट्रपति बनाएर खाईपिई गर्न राख्या काँग्रेसले यसपटक आफू चुनाबाँ नराम्रोशीत बढारिएर राजनीतिक अस्थित्वजति चर्लुम्म डुबाएनि सरकारलाई काम गर्न नदिन राष्ट्रपतिलाई जसरि प्रयोग गर्न पा छ र राष्ट्रपति पौडेलनि प्रयोग हुन लाका कुरा जसरि बाईर आछन यल्ले राष्ट्रपति त बनाउनु तर कुनै पनि दलमा लाग्या मान्छेलाई दलबाट राजिनामा गराएर यो स्वतन्त्र पुत्ला हो यस्ले दल छोडि सक्यो अब यसबाट निश्पक्ष रुपमा काम हुन्छ र यसले अभिभावकको जिम्मेवारी पूरा गर्छ भनेर मान्नु आँफैमा धोका रैछ । चाहे राष्ट्रपति विद्या भण्डारी हुन वा रामचन्द्र पौडेल यीनरले आफू कन दलका हुम भन्ने कुरा काम गर्दा देखाई सक्याछन । यो पटकनि त्यै तथाकथित काँग्रेसकै कार्यकर्ताको छायाँ बनेर राष्ट्रपतिले सरकारले पेश गर्या ६ वटा अध्यादेश पास नगरेर कैले वकिलको सल्ला त कैले अध्ययनको बहानाँ अध्यादेश अडकाउने दाउमा छन भन्ने सुनिँदैछ ।राष्ट्रपतिको काम सरकारले लाए अह्रायको काम गर्ने हो तर काम गर्दै जाँदा कैले काहीँ कतै भुलचुक भए यहाँ भूल भएछ यसास्तो हुन्न भनेर सच्याएर लगाउने हो तर विक्षि दलहरुको ग्राउन्डमा उभिएर कुनै सर्त देर्स्याउने वा विपक्षमा अड्किसेर बस्ने हैन यदि त्यसो भयो भने राष्ट्रपतिजस्तो सम्मानित पदमाथि जनताले अविश्वास गर्न थाले भने त्यसलाई जति धोईपखालि गरेनि त्यो दागिनै रहन्छ र त्यस्तो दागि भएर राष्ट्रपतिमा बस्नु भनेको आँफैमा नैतिकहिन हो । यस्तो अबस्थामा न सरकारले विश्वास गर्छ न जनताले ! विपक्षिको विश्वासमा बस्ने पद राष्ट्रपतिको हैन । त्यसैले राष्ट्रपतिज्यु भर्खर बनेको सरकारले जनतासामू यति दिनमा यति काम गरेर देखाउँछु भनेर चुनाबमा बाचा गरेर आएकोछ त्यै बाचा पूरा गर्ने काम गर्नका लागि सरकारले पहिलो चरणमा तोकियकै समयमा कनम गरेर देखाउन ६ वटा अध्यादेश लिएर आएर काम अघि बढाउन खोजि रहेकोछ तर दुईतिहाईको सरकारले लगेको अध्यादेश जसमा न ब्यक्तिगत वा दलिय स्वार्थछन न देश र जनताको हित विपरितका कानुनि प्राब्धान छन त्यस्तो अध्यादेशलाई नि अनेक बहाना बनाएर विपक्षिदलहरुको स्वार्थमा राष्ट्र पतिले कदम चाल्दछन भने उनी दलका लागि राष्ट्रपति भएका हुन कि देश र जनताका लागि प्रश्न सबैतिरबाट उठन सक्छ र अन्तत त्यसको जवाफदेहिता न दलले लिन्छन न जनताले ! त्यसैले सरकारले कानुन सम्मत छोटोबाटोबाट कनम गर्नको लागि जसरि अध्यादेश ल्याउँछ र त्यसको पछाडि कहिँकतै निहित स्वार्थ छैन भने राष्ट्रपतिले अध्यादेश स्वीकृत गर्नै पर्छ र सरकारलाई काम गर्न बाटो खुला गरिदिनु पर्छ । राष्ट्रपतले अध्यादेश स्वीकृत नगरेकै कारण देश पश्चगमन र अशान्त भयो भने त्यसको जिम्मेवारी राष्टपतिले लिनै पर्छ। त्यसैले राष्टपतिज्यु जनताले २ तिहाइ मत दिएर बनेको सरकारले देश र जनताको अहित गर्छ भन्ने मान्यता राखेर तपाईं आफ्नो कर्तब्यबाट पछि हटेर अध्यादेश स्वीकृत गर्नु भएन भने जनताले तपाईं माथि अविश्वास गरेर तपाईंका विरुद्ध सडकमा आए भने तपाईं के गर्नुहुन्छ ? त्यै सोचेर काम गर्नुस ह्याँभन्दा बढि के भनम् । जयहोस ।

## युरोपमा...

पनि उल्लेख गरे ।

यस निर्णयले वासिङ्टनमा दुवै प्रमुख राजनीतिक दलका केही नेताहरूबाट आलोचना र चिन्ता उत्पन्न गरेको छ । कतिपयले यस्तो कदमले रुसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई गलत सन्देश जाने चेतावनी दिए ।

## लिपुलेकबारे...

२. १८१६ को सुगौली सन्धिबाट नै महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको तथ्यमा नेपाल सरकार पूर्णतः स्पष्ट र अडिग छ ।

३. नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको छ ।

४. यसअघि पनि नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा व्यापार र तीर्थाटन जस्ता कुनै पनि क्रियाकलाप नगर्न निरन्तर आग्रह गर्दै आएको छ ।

५. साथै, लिपुलेक क्षेत्र नेपाली भू-भाग रहेको विषयमा मित्रराष्ट्र चीनलाई समेत आधिकारिक रूपमा जानकारी गराई सकिएको बेहोरा स्पष्ट पारिन्छ ।

६. नेपाल र भारतबीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावना अनुरूप, ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा र प्रमाणका आधारमा सीमा समस्याको समाधान कूटनीतिक माध्यमबाट गर्न नेपाल सरकार सधैं प्रतिबद्ध छ ।


**सार्वजनिक सेवा लिँदा ध्यान दिऔं ।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारबिरूद्ध सम्बन्धित निकायमा उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

**सामेल एग्रिकल्चर प्रा.लि.**

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरू, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com

थप जानकारीका लागि : ९८५८०७१९०२

**GANGAMALA TRAVELS & TOUR PVT. LTD**

**CAR WASH**

Birendranagar-12, Surkhet

gttpvt@gmail.com

9851329169, 9858052810



- MINI BUS
- JEEP/CAR
- EV VAN
- SUMO JEEP


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।